☎ ०४६ –५१०००८,
५१०००९

बागमती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश,नेपाल ।
(२०७३)

प.सं : २०८२/०८३
च.नं : १८१६०
मिति : २०८३/०२/०६

विषय : विद्यालय व्यस्थापन समितिको मनोनित सदस्य पदमुक्त हुने सम्वन्धमा ।

श्री प्रधानाध्यापक ज्यू,
श्री सम्पूर्ण सामुदायिक विद्यालय,
बागमती नगरपालिका, सर्लाही ।

प्रस्तुत विषयमा केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०८३, मिति २०८३/०१/२० गते नेपाल राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आइसकेको सन्दर्भमा सो अध्यादेशले शिक्षा ऐन, २०२८ मा गरेको संशोधन बमोजिम शिक्षा ऐन २०२८ को दफा १२ को उपदफा १ को खण्ड (ग) झिकिएकाले सो बमोजिम मनोनित भएका सदस्यहरु स्वत: विद्यालय व्यवस्थापन समितिबाट पदमुक्त भएकाले तपसिल बमोजिम गर्नहुन अनुरोध छ ।

तपसिल:

१.विद्यमान व्यवस्थापन समितिमा विव्यस अध्यक्ष शिक्षा ऐन, २०२८ (संसोधनसहित) को दफा १२ (१) ग बमोजिम मनोनित १ जना महिलासहित २ जना सदस्यहरूमध्येबाट छनौट भई अध्यक्ष रही रहेको भए निजको पद ऐनमा भएको संशोधन बमोजिम पदमुक्त भैसकेकोले ऐनको दफा (१२) को उपदफा २ (क) बमोजिम ऐ. दफाको उपदफा १ को (क) र (ख) बमोजिमका सदस्यहरूमध्येबाट उपदफा २ (ख) बमोजिम विव्यसको बैठक बसी व्यवस्थापन समिति गठन गर्नुहुन अनुरोध छ ।

२. पुनर्गठन भएका विद्यालय व्यवस्थापन समितिको विवरण शिक्षा युवा तथा खेलकुद शाखमा पेस गर्नुहुन अनुरोध छ ।

...........................
राम प्रसाद शर्मा
प्रमुख प्रशासकिय अधिकृत

**राम प्रसाद शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**

बोधार्थ :
श्री सूचना तथा प्रविधि शाखा webside मा सूचना अपलोड गर्नहुन ।



CamScanner

वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा देखिएका समस्याहरूको समेत समाधान गर्नेछ।"

(५) दफा ६१ पछि देहायको दफा ६१क. थपिएको छ :-

"६१क. <u>निर्देशिका वा कार्यविधि बनाउन सक्ने</u> : यस ऐनको अधीनमा रही मन्त्रालयले आवश्यक निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।"

५. <u>शिक्षा ऐन, २०२८ मा संशोधन</u> : शिक्षा ऐन, २०२८ को,-

(१) प्रस्तावनामा रहेको "विद्यालयको" भन्ने शब्दको सट्टा "विद्यालय र शैक्षिक संस्थाको" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा २ को खण्ड (ट) पछि देहायको (ट१) थपिएको छ :-

"(ट१)"शैक्षिक कार्यक्रम" भन्नाले शैक्षिक परामर्श सेवा, विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी विदेशी शैक्षिक कार्यक्रम वा

शिक्षण कोर्ष सञ्चालन गर्ने शैक्षिक कार्यक्रम सम्झनु पर्छ।"

(३) दफा ४क. को उपदफा (४) र (५) झिकिएका छन्।

(४) दफा ७क. को उपदफा (२) को खण्ड (झ) र (ञ) झिकिएका छन्।

(५) दफा ११ को उपदफा (२) को खण्ड (झ) झिकिएको छ।

(६) दफा ११ख. को उपदफा (४) झिकिएको छ।

(७) दफा ११घ. को उपदफा (२) झिकिएको छ।

(८) दफा १२ को उपदफा (१) को खण्ड (ग) झिकिएको छ।

(९) दफा १९ को उपदफा (२) को खण्ड (र) पछि देहायको खण्ड (र१) थपिएको छः-

"(र१) विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन सम्बन्धी,"

६. <u>मालपोत ऐन, २०३४ मा संशोधन</u> : मालपोत ऐन,२०३४ को,-